# गुँरास गाउँपालिका, दैलेख

# तथा

# हेल्भेटास नेपाल

# बीच

# गाउँपालिका क्षेत्रमा कार्यक्रम कार्यान्वयनका लागि भएको

# समझदारी - पत्र

श्रावण, २०७९

Scanned with CamScanner

# गुँरास गाउँपालिका, दैलेख जिल्ला र हेल्भेटास नेपाल बीच भएको
# समझदारी पत्र
# (Memorandum of Understanding)

**गुँरास गाउँपालिका,दैलेखमा** हेल्भेटास नेपालका विभिन्न कार्यकम तथा परियोजनाहरु संचालन गरिने भएकोले सो को प्रभावकारी कार्यान्वयन र समन्वयको लागि **गुँरास गाउँपालिका** (यसपछि गाउँपालिका मात्र भनिने) र **हेल्भेटास स्वीस इन्टरकोपरेशन नेपाल** (यसपछि हेल्भेटास नेपाल मात्र भनिने) बीच मिति २०७९ श्रावण .... का दिन यो समझदारी पत्रमा हस्ताक्षर गरिएको छ ।

१. हेल्भेटास नेपालको राष्ट्रिय रणनीति अनुसार कर्णाली प्रदेशका विभिन्न स्थानीय तहहरुमा खानेपानी तथा सरसफाइ, कृषि तथा पोषण, जलवायु परिवर्तन तथा विपद प्रतिकार्य, झोलुङ्गे पुल, सीपमुलक व्यवसायिक तालिम, निजी क्षेत्र विकास, आप्रवासन र सुशासन जस्ता क्षेत्रहरुमा विभिन्न कार्यक्रम तथा परियोजनाहरु कार्यान्वयनमा रहेका छन् ।

हाल यस गाउँपालिकामा हेल्भेटास नेपालका तपसिल बमोजिमका कार्यक्रम तथा परियोजनाहरु संचालनमा रहेकाछन् :

- एकिकृत जलश्रोत व्यवस्थापन कार्यक्रम **(IWRM Program)**
  कार्यक्रमको बारेमा थप जानकारी अनुसुचि १.१ मा उल्लेख गरिएको
- झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम (स्वीस सरकार विकास सहयोग/SDC को तर्फबाट)
  कार्यक्रमको बारेमा थप जानकारी अनुसुचि १.२ मा उल्लेख गरिएको
- स्थानीय शासन प्रक्रियामा युवा सहभागीता प्रवर्धन (प्रोयेल) परियोजना
  परियोजनाको बारेमा थप जानकारी अनुसुचि १.३ मा उल्लेख गरीएको
- इनइलम परियोजना
  परियोजनाको बारेमा थप जानकारी अनुसुचि १.४मा उल्लेख गरिएका

भविष्यमा हेल्भेटास नेपालले गाउँपालिकासंगको सहकार्य र साझेदारीमा आफनो राष्ट्रिय रणनीति अनुसार सम्भव भएसम्म थप कार्यकम /परियोजनाहरु कार्यान्वयन गर्न प्रयास गर्नेछ ।

२. **हेल्भेटास नेपालको प्रतिबद्धता:**

(क) हेल्भेटास नेपालले माथि उल्लेखित परियोजनाहरुको स्वीकृत वार्षिक कार्यकम अनुसार नगरपालिका लाई नीति तथा योजना तर्जुमा गर्न तथा कार्यकम कार्यान्वयन गर्न प्राविधिक सहयोग उपलब्ध गराउनेछ ।

(ख) हेल्भेटास नेपालको राष्ट्रिय रणनीतिमा उल्लेख गरिए बमोजिम स्थानीय सरकारसंगको सहकार्य र साझेदारीलाई उच्चतम महत्व दिइनेछ साथै नगरपालिकामा स्थानीय समुदाय विशेष गरिव आर्थिक रुपले विपन्न र सामाजिक रुपले सीमान्तकृतहरुको सम्मानित जीवन यापनका लागि गरिने कियाकलापहरुमा सहकार्य गर्नेछ ।

(ग) गाउँपालिकामा सञ्चालन हुने कार्यक्रम वा परियोजनाहरु हेल्भेटास नेपाल कर्णाली प्रादेशिक कार्यालय वा परियोजना व्यवस्थापन एकाइको समन्वय र सहजीकरणमा सम्वन्धित कार्यक्रम वा परियोजना मार्फत सञ्चालन गरिनेछ् ।

(घ) हेल्भेटास नेपालका वार्षिक कार्यकम र प्रगति प्रतिवेदनहरु गाउँपालिकामा पेश गरिनेछ् ।

(ङ) हेल्भेटास नेपालका सबै कार्यक्रम वा परियोजना तथा कर्मचारीहरुले अनुसुचि २ मा उल्लेख भए बमोजिम विकास साझेदारहरुले जारी गरेको कार्य सञ्चालनका आधारभूत मार्गदर्शनहरु पालना गर्नेछन् ।

HELVETAS NEPAL

Scanned with CamScanner

३. **गाउँपालिकाको प्रतिबद्धता**

(क) गाउँपालिकाले आफनो वार्षिक योजनामा हेल्भेटास नेपालका कार्यक्रम तथा परियोजनाहरु समावेश गर्नेछ र ती कार्यक्रम तथा परियोजनाहरुको अनुगमन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नेछ ।

(ख) गाउँपालिकाले हेल्भेटास नेपालको सहकार्यमा सन्चालित कार्यक्रम र परियोजनाहरुमा आवश्यक पर्ने सहलगानी रकम विनियोजित गर्नेछ ।

(ग) गाउँपालिकाल हेल्भेटास नेपालका कार्यक्रम र परियोजना संचालनमा आवश्यक समन्वय र सहजीकरण गर्न गाउँपालिकामा सम्पर्क ब्यक्ति तोक्नेछ ।

(घ) गाउँपालिकाल सञ्चालित कार्यक्रममा दोहोरोपन न्यूनीकरण गर्न आवश्यक समन्वय गर्नेछ ।

(ङ) कार्यक्रम तथा परियोजनाहरुले सम्पन्न गरेका मुख्य कियाकलापहरुको अभिलेखीकरण गरी भविश्यमा उपभोक्ता समिति तथा समुहहरुलाइ निरन्तर दिशानिर्देश गदै आवश्यक समन्वय तथा सहयोग गर्नेछ ।

(च ) गाउँपालीका ले हेल्भेटास नेपालद्धरा संचालीत कार्यक्रम र परियोजना आवस्कता अनुसार अनुगमन गर्ने छ ।

४. साझा सहमति

(क) हेल्भेटास नेपालको सहयोगमा संचालित कार्यकम तथा परियोजनाहरुको प्रभावकारी कार्यान्वयन र समन्वयको लागी एक गाउँपालिका स्तरीय समन्वय समिति रहनेछ । देहायमा बमोजिमका पदाधिकारीहरु उक्त समितिमा रहने छन् ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाको कार्यालय | सदस्य |
| बिषयगत समितिका संयोजकहरु | सदस्य |
| परियोजनासंग सम्वन्धित गाउँपालिकाका विषयगत शाखा प्रमुखहरु | सदस्य |
| हेल्भेटास नेपालका गाउँपालिका कार्यक्षेत्र भएका कार्यकम अधिकृत | सदस्य |
| स्थानीय साझेदार संस्था प्रतिनिधि | सदस्य |

यस समितिमा आवश्यकता अनुसार आमन्त्रित सदस्यको रुपमा अन्य सम्वन्धित पदाधिकारीहरुलाइ आमन्त्रण गर्न सकिने छ । समन्वय समितिले हेल्भेटास नेपालको सहयोगमा संचालित कार्यकम तथा परियोजनाहरुको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक समन्वय तथा अनुगमन गरी आवश्यक सल्लाह तथा सुझावहरु दिनेछ । समन्वय समितिको वैठक वर्षको कम्तिमा एक पटक वस्नेछ । संचालनमा रहेका कियाकलापहरु तथा आगामी कार्ययोजनामा छलफल तथा अन्य सान्दर्भिक विषयहरुमा निर्णय गर्नेछ ।

(ख) माथि उल्लेखित समन्वय समिति बाहेक प्रदेश स्तरमा एक प्रदेश स्तरीय समिक्षा समिति रहनेछ । उक्त समितिमा परियोजना लागू भएका गाउँपालिका प्रमुखहरु तथा परियोजनाका प्रमुख (टिम लिडर) सदस्य रहनेछन् । समिक्षा समितिको वैठक वर्षको कम्तिामा एक पटक वस्नेछ । प्रदेश सरकार र संघीय सरकारका परियोजनासंग सम्वन्धित विषयगत मन्त्रालय वा कार्यालयका प्रतिनिधिहरु तथा हेल्भेटास नेपालका राष्ट्रिय निर्देशकलाई उक्त वैठकमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिने छ । यस वैठकको माध्यमबाट परियोजनाहरुका सिकाइ आदान प्रदान गर्ने, क्षेत्रगत नीतिहरुको पैरवी गर्ने तथा परियोजनालाइ थप पृष्ठपोषण प्रदान गर्नेछ ।

(ग) गाउँपालिकाले आयोजना गर्ने सम्वन्धित विषयगत परियोजना तथा कार्यकमसंग सम्वन्धित छलफल, वैठक तथा गोष्ठिहरुमा हेल्भेटास नेपाल सहभागी हुने तथा हेल्भेटास नेपालले आयोजना गर्ने बैठक तथा गोष्ठीहरुमा गाउँपालिकाका पदाधिकारी सहभागी हुनेछन् ।

(ख) गाउँपालिका र हेल्भेटास नेपालको साझा सहमतिमा यो समझदारी पत्र आबश्यकतानुसार परिमार्जन र नवीकरण गर्न सकिनेछ ।

(ग) हस्ताक्षर गरेको मितिदेखि यो समझदारी पत्र लागू हुनेछ । साथै हस्ताक्षरित मिति अगाडी देखि संचालनमा रहेका कार्यक्रम र परियोजनाहरु समेत यसै समझदारीको दायरामा स्वत: आउनेछन् ।

HELVETAS NEPAL

Scanned with CamScanner

(घ) दफा १ मा उल्लेखित कुनै कार्यक्रम वा परियोजना बिशेषको हकमा कुनै प्रकारको बिशिष्ट प्रावधान आवश्यक भएमा गाउँपालिकासंग आपसी छलफलको माध्यमबाट तय गरी लिखित सहमति गरिनेछ तथा यस्ता सहमतिहरुलाई यसै समभ्रदारी पत्रको अंगको रुपमा अनुसूचीमा समावेश गरिनेछन् ।

(ङ) यस समभ्रदारी पत्रको परिधिमा रही हेल्भेटास नेपालद्धारा सञ्चालन गरिने विभिन्न कार्यक्रम र परियोजनाहरुले आवश्यकतानुसार पालिकासँग छुट्टाछुट्टै समभ्रदारी वा सम्भौता गर्न सकिनेछ ।

| *गुँरास गाउँपालिकाको तर्फबाट* | *हेल्भेटास नेपालको तर्फबाट* |
|---|---|
| हस्ताक्षर: | हस्ताक्षर: |
| नाम: टोप वहादुर सि.सी. | नाम: मदन राज भट्ट |
| पद: ~~नगर प्रमुख~~ अध्यक्ष | पद: प्रदेश प्रवन्धक, हेल्भेटास नेपाल |
| मिति: ०७७/८/१३ | मिति: 2065/08/96 |

| रोहवर: | रोहवर: |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : बम वहादुर के.सी | नाम : सन्जु श्रेष्ठ |
| पद : प्रमुख प्रशासकीय अधिकृत | पद : पालिका वास अधिकृत |
| मिति: २०७७/८/१३ | मिति: २०७७/८/१६ |

गुँरास गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, ...गता, दैलेख, कर्णाली प्रदेश, नेपाल

टोप वहादुर वि.सी. अध्यक्ष

बम वहादुर के.सी. प्रमुख प्रशासकीय अधिकृत

HELVETAS NEPAL

Scanned with CamScanner

अनुसूची १.१

एकिकृत जलश्रोत व्यवस्थापन कार्यक्रम **(IWRM Program)**

अनुसूची १.२

झोलुङ्गे पुल सहयोग इकाइ (TBSU)

अनुसूची १.३

स्थानीय शासन प्रक्रियामा युवा सहभागीता प्रबर्धन (PROYEL) परियोजना

अनुसूची १.४

इन इलम कार्यकम (In ELAM program)

अनुसूची २

नेपालमा कार्यरत अन्तराष्ट्रिय निकायहरुको कार्यसंचालनका आधारभूत मार्गदर्शनहरु (BOG)

Scanned with CamScanner

अनुसूची १.१ - एकिकृत जलश्रोत व्यवस्थापन कार्यक्रम (IWRM Program)

## परिचय



हेल्भेटास नेपालको खानेपानी, सरसफाइ एवं स्वच्छताको क्षेत्रमा पुर्ववर्ती परियोजनाहरुबाट प्राप्त लामो अनुभव एवं सिकाइहरुको आधारमा इ. सं. २००० देखि खानेपानी तथा सरसफाइ क्षेत्रमा जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयन पस्चात २०१७ मा एकिकृत जलश्रोत व्यवस्थापन कार्यक्रमको नामले विकसित गरीएको एक महत्वपुर्ण परियोजना हो। यस कार्यक्रमले आफ्नो कार्यक्षेत्रका पालिकाहरुमा जलश्रोतको पहिचान गरि तिनको विविध उपयोगको योजना तर्जुमा, खानेपानी तथा बहुउपयोगी जल योजनाहरुको निर्माण, सरसफाइ र स्वच्छता प्रवर्धन तथा स्थानीय समुदाय एवं संघ संस्थाहरुको क्षमता विकास गर्न सहयोग गर्दछ।




## लक्ष्य तथा उद्देश्यहरु

कार्यक्रमको लक्ष्य नेपालका सवै महिला तथा पुरुषहरु, विशेष गरेर आर्थिक रुपमा बिपन्न र समाजिक सिमान्तकृत, हरुका लागि सम्मानजनक जिवन सुनिस्चीत गर्ने रहेको छ। कार्यक्रमका उद्देश्यहरु:

१) कार्य क्षेत्रका सवै महिला तथा पुरुषहरुलाई घर, स्कुल, कार्यालय तथा अन्य सार्वजनिक स्थलहरुमा दिगो रुपमा सुरक्षित खानेपानी र सुधारीएको सरसफाइ तथा स्वच्छता सेवाहरु प्रदान गर्ने।

२) स्थानीय समुदायलाई पानीका श्रोतहरुको संरक्षण गर्दै जलवायु परिवर्तनका नककारात्मक प्रभाववाट बचाउन सकिने किसिमका पानीसित सम्बन्धित कृयाकलापहरु कार्यान्वयन गर्न तथा बहुउपयोगी पानी प्रणाली मार्फत अतिरिक्त पानीको प्रयोग गरि साना सिंचाई तथा अन्य आय आर्जन गतिविधिहरु गर्न सहयोग गर्ने।

३) कार्य क्षेत्रका पालिका तथा सम्बन्धित निकायहरुको खानेपानी सरसफाइ केन्द्रीत एकिकृत जलश्रोत व्यवस्थापन योजना तर्जुमा तथा कार्यान्वयन गर्ने क्षमता अभिबृध्दी गर्ने।




## अपेक्षित परिणाम

- २५० खानेपानी योजनाहरुको निर्माण वाट करिव १००,००० जनसंख्या लाभान्वीत हुने छन।
- १०५ विद्यालयहरुका २१,००० विद्यार्थीहरुका लागि सुधारिएको खानेपानी, सरसफाइ तथा स्वच्छता सुबिधाहरु।

Scanned with CamScanner

- खानेपानी तथा सरसफाइ उपभोक्त समितिका २,७५० सदस्यलाई तालिम प्रदान गरिने छ ।
- ग्रामिण मर्मत सम्भार कार्यकर्ता डकर्मी, र खानेपानी, सरसफाइ तथा स्वच्छता उद्यमी जस्ता २७० जना स्थानीय सेवा प्रदायक तयार हुने छन ।
- पुर्ण सरसफाइ अभियानः कार्य क्षेत्रका ८०,००० जनसंख्या समेट्ने १५ वडाहरुलाई सफा तथा स्वस्थ क्षेत्रको रुपमा विकसित हुने छन ।
- ६० खानेपानी योजनाहरु बहुउपयोगी जल प्रणालीको (MUS) रुपमा विकास गरिने छ ।
- ५० खानेपानी योजनाहरुमा श्रोत संरक्षण / पानीको पुनर्धारण, पुनर्भरण तथा पुनर्उपयोग (3R) पहलहरु कार्यान्वयन गरिएको हुने छ ।
- ६ वटा पालिकामा जल उपयोग गुरु योजना /खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) तर्जुमा ।

## परियोजना अवधी तथा भौगोलिक कार्य क्षेत्र

यस कार्यक्रमको वर्तमान चरणको अवधी जनवरी २०२२ देखि डिसेम्बर २०२५ सम्म रहेको छ । कर्णाली प्रदेशको सुर्खेत, दैलेख, जाजरकोट र कालीकोट तथा सुदुरपश्चिम प्रदेशको अछाम जिल्ला यस कार्यक्रमको हालको भौगोलिक कार्यक्षेत्र हो ।

थप श्रोतको उपलब्धताको अवस्थामा कार्यक्रमलाई नजिकका अन्य केहि जिल्लाहरुमा समेत विस्तार गर्न सकिने छ ।




## अनुमानित बजेट

एकिकृत जलश्रोत ब्यवस्थापन कार्यक्रमको वर्तमान चरण, जनवरी २०२२ - डिसेम्बर २०२५, को अनुमानित बजेट करिव ९४ लाख स्विस फ्रैंक रहेको छ । यो मुलतः एउटा सांकेतिक अंक हो । कार्यक्रमलाई वास्तवीक रुपमा प्राप्त हुने बजेट हेल्भेटास तथा यसका अन्य दातृ संस्थाहरुको कोष संकलनको अवस्था र तिनको वार्षिक नीति तथा कार्यक्रममा निर्भर गर्दछ । यस बजेटका अतिरिक्त योजनानिर्माण लागतको कम्तिमा २० प्रतिसत सम्बन्धित पालिकाहरुवाट सहलगानी र करिव २० प्रतिसत स्थानीय समुदायको योगदान समेत प्राप्त हुने अनुमान गरिएको छ ।

## सहकार्य तथा साझेदारी

यस कार्यक्रमले सङ्घीय र प्रदेश सरकार संग समन्वय गरी स्थानीय सरकार - गाउँपालिका र नगरपालिकाहरु, खानेपानी तथा सरसफाइ उपभोत्ता समितिहरु, स्थानीय गैर सरकारी संस्था हरु संग सहकार्य तथा साझेदारी गर्दछ । हाल यस कार्यक्रमले अछाममा ग्रामीण विकास केन्द्र (RUDEC), सुर्खेतमा समाज जागरण केन्द (SAC), दैलेखमा सामाजिक सेवा केन्द्र (SOSEC), कालीकोटमा मानव अधिकार र वातावरण विकास केन्द्र (HURENDEC) र जाजरकोटमा पहाडी क्षेत्र विकास अभियान (HRDC) गै. स. स. हरु सितको साझेदारीमा आफ्ना कृयाकलापहरु संचालन गरि रहेको छ ।


**सम्पर्कः एकिकृत जलश्रोत ब्यवस्थापन कार्यक्रम, बिरेन्द्र नगर ७, सुर्खेत ।**

फोनः ०८३ - ५२१०९२/५२१०९३/ ५२१११२/५२१२०१



Scanned with CamScanner

# FACT SHEET

| SN | Topics | Particular | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Name of programme: | **Trail Bridge Sub Sector Support Programme (Phase-V) under Sector Wide Approach.** | | | | | | |
| 2 | Implementing Agency: | TBSSP-V is implemented by the Government of Nepal.<br>Helvetas Nepal on behalf of Swiss Agency for Development and Cooperation provides Technical Assistance to the programme through the Trail Bridge Support Unit (TBSU) | | | | | | |
| 3 | Technical Assistant Providers: | Trail Bridge Support Unit/Helvetas Nepal<br>Provincial Technical Assistant Provider: Hurendec/ Sebac Nepal JV | | | | | | |
| 4 | Funding agencies: | Federal, Provincial and Local Governments | | | | | | |
| 5 | Project Goal: | **To contribute towards a prosperous Nepal, with equitable socio-economic development, by strengthening all levels of the government to provide improved access to basic services and economic opportunities to rural communities, especially disadvantaged groups, by availing safer river crossings within 1-hour detour** | | | | | | |
| 6 | Outcomes: | Outcome 1: Nepali citizens, especially disadvantaged groups, use trail bridges to have safer access to basic services and employment opportunities equitably | | | | | | |
| | | Outcome 2: Governments at all levels (Federal, State, Palika) implement Trail Bridge Strategy to construct and maintain trail bridges equitably | | | | | | |
| | | Outcome 3: Private sector (consultants, contractors, fabricators, educational institutes) engagement leads to effective delivery of good quality trail bridges | | | | | | |
| 7 | Name/number of working Palikas: | **All 79 Palikas in 10 Districts of Karnali Province.** | | | | | | |
| 8 | Time frame: | 01.12.2019 – 30.11.2023 | | | | | | |
| 9 | Total number of completed trail bridges in Karnali province: | **1011 trail bridges (as of 10th Jun2 2022)** | | | | | | |
| 10 | Outcomes: | 9,32,168 beneficiaries have improved safe access to basic services at local level through trail bridges | | | | | | |
| | | Over 12,99,971 out of which 7,49,053 (57.62% Disadvantaged groups) person-days of employment generated during bridge construction | | | | | | |
| 11 | New Construction Target for FY 2021/2022: | Local (Federal fund) | Local (Own fund) | Provincial (Federal fund) | Provincial (Own fund) | Suspension Bridge Division (Federal | Kadoori e-BGN | Total |

Scanned with CamScanner

| SN | Topics | Particular | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | fund) | | |
| | | 70 | 1 | 1 | 10 | - | - | 82 |
| 12 | Total Annual Budget: (2021/2022): NRs | Palika (Federal grant) | Palika (Own resource) | Province (Federal grant) | Province (Own source) | Total | | |
| | | 278,700,000 | 13,279,026 | 11,100,000 | 192,250,000 | 495,329,026 | | |
| 13 | Name of Local Partners: (Palika and District wise) | Dolpa : a. MoPIUD/IDO Dolpa- Sarbangin Bikash Samaj<br>b. Tripurasundari MP- Women Empower Center<br>c. Thulibheri MP- Garib tatha Dalit Sewa Samiti<br>West Rukum : a. MoPIUD/IDO West Rukum & all Palikas- Sewa Foundation Nepal<br>Jumla : a. MoPIUD/IDO Jumla & all Palikas- Surya Samajik Sewa Sangh (4 S)<br>Dailekh : a. MoPIUD/IDO Dailekh & all Palikas- Rural Development Service Center (RDSC)<br>Kalikot : a. MoPIUD/IDO Kalikot- Surya Samajik Sewa Sangh (4S)<br>b. All Palikas- Hurendec, Kalikot<br>Humla : a. MoPIUD/IDO Humla (Simkot, Kharpunath,Sarkegad Tajakot) & all Palikas- Himalaya Conservation and Development Association (HCDA)<br>b. MOPIUD/IDO Humla (Namkha, Chankheli, Adanchuli)- Snowland Integrated Development Center (SIDC)<br>Jajarkot : a. Nalgad, Chhedagad, Barekot, Junichhade, Kushe Palikas- Rural Development Service Center (RDSC), Dailekh<br>b. MoPIUD/IDO Jajarkot & Shivalaya, Bheri Palikas- Hilly Region Development Campaign (HRDC)<br>Salyan : a. MoPIUD/IDO Salyan & all Palikas- Sharada Nepal, Salyan<br>Surkhet : a. MoPIUD/IDO Surkhet- Sharada Nepal, Salyan<br>b. Chaukune, Simta, Lekhbesi Palikas- Enrich Society Development Centre (ESDC)<br>c. Barahtal, Bheriganga, Birendranagar, Panchapuri, Chingad, Gurvakot Palikas- Rural Development Service Center (RDSC), Dailekh | | | | | | |

Scanned with CamScanner

| SN | Topics | Particular |
|---|---|---|
| 14 | Contact Person's Name/<br>Designation:<br>Address/<br>Telephone No.<br>E-mail Address: | a. **Badri Kumar Shrestha**<br>Team Leader<br>TBSU, Man Bhawan Lalitpur<br>01- 5527828<br>badri.shrestha@helvetas.org<br><br>b. **Narendra K C**<br>Trail Bridge Province Manager<br>TBSU Karnali Province<br>083-525670<br>narendra.kc@helvetas.org |

# Trail Bridge Sub Sector Program

## Completed* and Ongoing Trail Bridge under Karnali Province

| District | No. of completed bridges in district till the date | No. of under construction bridges (FY 2021/22) | Targeted completion (FY 2021/2022) | Completed bridges till the date (FY 2021/22) |
|---|---|---|---|---|
| Dailekh | 146 | 33 | 14 | 6 |
| Kalikot | 89 | 22 | 8 | 5 |
| West Rukum | 102 | 12 | 8 | 9 |
| Dolpa | 89 | 24 | 5 | 4 |
| Surkhet | 125 | 33 | 10 | 5 |
| Humla | 71 | 27 | 5 | 4 |
| Salyan | 86 | 27 | 10 | 5 |
| Jajarkot | 146 | 20 | 7 | 6 |
| Jumla | 80 | 27 | 8 | 9 |
| Mugu | 77 | 15 | 7 | 7 |
| Total | 1011 | 240 | 82 | 60 |

Note: *As of 10th June 2022

Scanned with CamScanner

## परिचय

जनसांख्यिक लाभांशका बावजूद नेपालमा युवा विकास सूचकहरू कमजोर छन् र युवाहरूका लागि सार्वजनिक र राजनीतिक सहभागिताका लागि अवसरहरू कम छन् । स्थानीय शासन प्रक्रिया बारे अपर्याप्त ज्ञान र सार्वजनिक जीवनमा कसरी सहभागीता जनाउने भन्ने अपूर्ण बुझाइ स्थानीय शासन प्रक्रियामा युवाहरूको संलग्नताका प्रमुख बाधकहरू हुन् । यसै सन्दर्भमा प्रजातान्त्रिक र सुशासन प्रक्रियामा युवाहरुको संलग्नता तथा मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने लक्ष्य सहित हेल्भेटास नेपालले युरोपियन युनियनसंगको वित्तीय सहकार्यमा **प्रोयेल (स्थानीय शासन प्रक्रियामा युवा संलग्नता प्रवर्द्धन) परियोजना** कार्यान्वयनमा ल्याएको छ । हेल्भेटास नेपालले महिला सशक्तीकरण मञ्च (दैलेख) र सहयोगी समाज नेपाल (सर्लाही) सँगको सहकार्यमा कर्णाली प्रदेश र मधेस प्रदेशका आठ पालिकामा परियोजना कार्यान्वयन गर्नेछ । यस परियोजनाले स्थानीय सरकारहरूसँग अर्थपूर्ण संवादको माध्यमबाट चयन गरिएका पालिकाहरूमा युवा नागरिकहरूलाई उनीहरूको अधिकार/कर्तव्यहरू अझ प्रभावकारी रूपमा प्रयोग गर्न सहयोग गर्नेछ । यो परियोजना युवा नागरिक र पालिकाको क्षमता विकासमा केन्द्रित छ ताकि उनीहरूबीच संवादको लागि सक्षम वातावरण सिर्जना होस् ।

## लक्ष्य तथा उद्देश्य:

**लक्ष्य:** नेपालमा कोभिड पुनस्थापना र विकासमा योगदान पु-याउने हेतुले स्थानीय शासन प्रक्रियामा युवा नेपाली नागरिकहरूको संलग्नतालाई संस्थागत गर्न सक्षम वातावरणको प्रवर्धन गर्ने ।

**उद्देश्य:** कर्णाली प्रदेश र मधेश प्रदेशका आठ छानिएका पालिकाहरुमा युवा नेपाली नागरिकहरूले स्थानीय सरकारहरूसँग अर्थपूर्ण संवादको माध्यमबाट आफ्ना अधिकार/कर्तव्यहरू प्रभावकारी रूपमा प्रयोग गर्न सहकार्य ।

## अपेक्षित नतिजाहरु



नतिजा १. युवा नागरिकहरू स्थानीय शासन प्रक्रियाको बारेमा शिक्षित र सुसूचित हुनेछन् ।



नतिजा २. स्थानीय शासन प्रक्रियामा युवा नागरिकहरूलाई संलग्न गराउन र परिचालन गर्न पालिकाहरूलाई सहजीकरण गरिनेछ ।



नतिजा ३. युवा नागरिकहरू स्थानीय शासन प्रक्रियामा रचनात्मक रूपमा संलग्न र अर्थपूर्ण रूपमा सहभागी हुनेछन् ।



नतिजा ४. युवा नागरिकहरूले स्थानीय सरकारमा काम गर्ने र व्यावहारिक अनुभव प्राप्त गर्ने अवसर पाउनेछन् ।



नतिजा ५. स्थानीय शासन प्रक्रियामा अर्थपूर्ण युवा संलग्नताको बारेमा सम्बन्धित सरोकारवालाहरूलाई असल अभ्यास र अनुभवहरु सूचित गरिनेछ ।

## अवधि

Scanned with CamScanner

जनवरी २०२२ देखि मार्च २०२५ सम्म

## लक्षित समूह तथा अन्तिम लाभग्राही

**लक्षित समूहः** करिब ८० युवा संस्थाहरू (समूह, सर्कल, सञ्जाल, क्लब, संस्थाहरू), गाउँनगर कार्यपालिकाहरु, वडा समिति, स्थानीय विद्यालयहरु र स्थानीय सञ्चार माध्यमहरु ।

**अन्तिम लाभग्राहीः** लगभग १६००० युवा नेपाली नागरिकहरू र स्थानीय निर्वाचित जन प्रतिनिधिहरू ।

## भौगोलिक कार्यक्षेत्र

**कर्णाली प्रदेशः** गुराँस गाउँपालिका तथा डुंगेश्वर गाउँपालिका (दैलेख), लेकबेसी नगरपालिका तथा सिम्ता गाउँपालिका (सुर्खेत) तथा भेरी नगरपालिका (जाजरकोट) ।

**मधेश प्रदेशः** हरिवन नगरपालिका तथा बरहथवा नगरपालिका (सर्लाही) तथा क्षिरेश्वरनाथ नगरपालिका (धनुषा)

## प्रस्तावित मुख्य क्रियाकलापहरु



नतिजा १ संग सम्बन्धित – पालिका स्तरमा समावेशीमूलक युवा सञ्जाल (प्यानल)को स्थापना, परिचालन र सबलीकरण, अनलाइन पाठ्यक्रमहरूको डिजाइन र सञ्चालन ।



नतिजा २ संग सम्बन्धित – सान्दर्भिक नीतिहरू तर्जुमा गर्न सहजीकरण, सामाजिक सञ्जाल र डिजिटल साक्षरतामा निर्वाचित प्रतिनिधिहरूको क्षमता विकास, विद्युतीय–शासन औजारहरू स्थापना र सञ्चालन गर्न सहकार्य ।



नतिजा ३ संग सम्बन्धित – युवा सञ्जालको क्षमता विकास, सामाजिक जवाफदेहीताका औजारहरुको प्रयोग, युवा संसद संचालन, तथ्य–परक रिपोर्टिङ गर्न युवा पत्रकारहरूको परिचालन ।



नतिजा ४ संग सम्बन्धित – पालिका इन्टर्नशिप कार्यक्रम, युवा प्यानल र पालिका बीच परामर्श सत्रहरू, युवा सुशासन अभ्यासकर्ताहरूको विकास, परिचालन र सबलीकरण ।



नतिजा ५ संग सम्बन्धित – युथ साउण्डिंग बोर्डको स्थापना र क्षमता विकास, समकक्षीय सिकाइ कार्यशाला, पालिका दिवस, तेश्रो पक्षीय वित्तीय सहयोग ।

## अनुमानित बजेट तथा वित्तीय सहकार्य

युरो ६,८३,६२०।००, यूरोपियन युनियन (७५%) तथा हेल्भेटास नेपाल (२५%) ।

## कार्यान्वयन

यो परियोजना निम्नलिखित तीन वटा संस्थाहरुबाट सह कार्यान्वयन भईरहेको छ

| | |
|---|---|
| १. हेल्भेटास नेपाल | बखुण्डोल, ललितपुर, फोन नं. ०१ ५४२४९२५/६, इमेलः co.nepal@helvetas.org |
| २. महिला सशक्तिकरण मञ्च | बीरेन्द्रनगर, सुर्खेत, फोन नं.०८९ ४२०२३१, इमेलः weafnepal2004@gmail.com |
| ३. सहयोगी समाज नेपाल | हरिवन, सर्लाही, फोन नं.०४६ ५३०६७५, इमेलः helpingsociety2010@gmail.com |

Scanned with CamScanner

## अनुसूची १.४. - इन इलम कार्यक्रम (In ELAM Program)

### परिचय

ईन-ईलम परियोजनाले विभिन्न सर्वेक्षण (सम्भावित क्षेत्र पहिचान, द्रुत बजार अध्ययन, उप क्षेत्र अध्ययन) पहिचान भएका स्थानीय श्रोतमा आधारित मुल्य शृक्रन्खला प्रवर्धनमा जोड दिन्छ | त्यस पछि त्यस्ता मुल्य श्रृंखलाहरुलाई स्थानिय उद्धमी द्वारा प्रवर्धन गर्न आवश्यक व्यवसायिक सिपहरु, नमुना परिक्षण, बस्तु/ व्यवसायिक मोडेल बिकास, बजार समन्वय, वित्तीय सेवाहरुमा पहुँच बृद्धी र सफल देखिएका उद्‌दिसल बस्तु/ सेवालाई निजि क्षेत्रको लगानी वृद्धि गरी बिस्तार गर्न स्थानीय सेवा प्रदायकहरुले सहजिकरण गर्द्छ | यसरी स्थानीय श्रोतमा आधारित उद्यम/ व्यवसाय प्रबर्धन गर्न निजि क्षेत्रको लगानी वृद्धि, उनीहरुद्वारा नै व्यवसायिक वातावरण सिर्जना गर्न आवश्यक पैरवी गर्न सहजीकरण गर्द्छ | परियोजनाले सम्भावित बिभिन्न बस्तुहरुको अध्ययन गर्न बजार प्रणाली बिकास (Market System Development) अवधाराणाबाट त्यस बस्तुको मुल्य श्रृंखलाहरुको सम्पूर्ण प्रणालिहरुको विश्लेषण गरी त्यसको दिगो विकास, बिस्तारमा जोड दिईन्छ | साथै स्थानीय श्रोतमा आधारित व्यवसाय/ उद्यमसिल प्रबर्धन प्रक्रियामा प्राप्त अनुभव/ सिकाई हरुलाई बिस्तार गर्न सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराउन बिभिन्न ज्ञान बर्धक बस्तुहरु (हाते पत्रिका, भिडीयो, सफल कथा) प्रकाशण गर्दछ |

### लक्ष्य तथा उद्देश्य

**इन-इलम कार्य अवधारणा र क्षेत्रहरु**




सामाजिक र आर्थिक रुपमा पिछडिएका समुदायका महिला र पुरषहरुले स्थानीय श्रोत आधारित उद्यम व्यवसाय प्रबर्धनबाट मर्यादित जीवनस्तर अबलम्बन गर्नेछ |

**परियोजनाको अबधि :**
**इ.स.२०२१-२०२४**

### भौगोलिक कार्यक्षेत्र




Scanned with CamScanner

कर्णाली र मधेश प्रदेश अन्तर्गत जिल्लाका ग्रामिण, बिभिन्न पालिकाहरु अन्तर्गतका बिभिन्न टाउन तथा शहरहरु |

**हाल कार्यक्षेत्र:** कर्णाली प्रदेश अन्तर्गत सुर्खेत का दुई पालिका (लेक बेशी र बिरेन्द्रनगर) र दैलेख को एक पालिका (गुरासँ गाउँपालिका)

सम्भावित क्षेत्र पहिचान को निष्कर्षा अनुसार अन्य पालिकाको छनोत गरिने छ|

## अपेक्षित नतिजाहरु

- स्थानीय श्रोतमा आधारित उद्यम/ व्यवसायहरुको प्रवर्धनमा निजि क्षेत्रको लगानी वृद्धि भई समावेशी बिकासमा टेवा पुग्नेछ |
- उद्यम / व्यवसाय प्रबर्धन गर्न निजि क्षेत्र मैत्री व्यवसायिक बातावरण सिर्जना हुनेछ |
- प्रमाणित व्यवसायीक अबसरहरु सिर्जना भई बस्तु, नमुना, व्यवसाय, प्रबिधिहरुलाइ निजि क्षेत्रहरुले अबलम्बन गर्नेछन् |

## लक्षित समूह तथा अन्तिम लाभग्राही साझेदार निकायहरु

बेरोजगार महिला, पुरुष, युवा/ युवती, सामाजिक र आर्थिक रुपमा पिछडिएका समुदायका महिला र पुरषहरु |

## साझेदार निकायहरु

- निजि क्षेत्र (सहकारी, कम्पनी साना, मध्यम, लघु उद्यमिहरु)
- स्थानीय, प्रदेश सरकार
- व्यवसायिक हबहरु,
- व्यवसायिक संजालहरु
- साना तथा घरेलु उद्योग
- उद्योग बाणिज्य संघ

## प्रस्तावित मुख्य क्रियाकलापहरु

- बिभिन्न सर्वेक्षण (सम्भावित क्षेत्र पहिचान, द्रुत बजार अध्ययन, उप क्षेत्र अध्ययन) विधिबाट स्थानीय श्रोतमा आधारित मुल्य श्रृंखला पहिचान/ प्रबर्धन
- पहिचान भएका उद्यम/ व्यवसायहरुको अन्वेषण, व्यवसाय मोडेल प्रबर्धन र बिस्तारमा निजि क्षेत्रको लगानीमा जोड दिने
- उद्यम/ व्यवसाय सम्बन्धित सरोकारवालाहरु सङ्ग समन्वय यसको बिस्तारमा जोड दिने
- निजि क्षेत्र मात्री व्यवसायिक वातावरण सिर्जना गर्न सहजिकरण गर्ने
- उद्यम/ व्यवसाय प्रबर्धन सङ्ग सम्बन्धित साझेदार संस्थाहरुको क्षमता गर्ने
- बस्तु बिकास, नमुना परिक्षण
- मुल्य श्रृंखला प्रबर्धन
- क्षमता बिकास (बस्तु/ व्यवसाय सङ्ग सम्बन्धित सहकारी, संजाल, व्यवसाय सेवा प्रदायक)

## कर्णाली प्रदेशका लागि अनुमानित कुल बजेट

रु ८.५ करोड (४ बर्ष)

सम्पर्क: ईन-ईलम परियोजना, हेल्भेटास नेपाल, बखुण्डोल, ललितपुर, फोन नं. ०१-५४२४९२५,
https://www.helvetas.org/en/nepal

Scanned with CamScanner

अनुसूची २ - कार्य सञ्चालनका आधारभूत मार्गदर्शनहरु

## तल उल्लेखित निकायहरुद्वारा सहमति गरिएका कार्यसञ्चालनका आधारभूत मार्गदर्शनहरु

अन्तंराष्ट्रिय मान्यता प्राप्त तथा नेपालमै सहमत भएका जवाफदेहिता, निष्पक्षता, पारदर्शिता तथा समावेशिताका सिद्धान्तहरुमा आधारित हामी निम्नवमोजिमका निकायहरुले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका जनताका लागि सवै किसिमका विकास कार्यहरु गर्न र आवश्यकता भएमा मानवीय सहयोग गर्नको लागि समेत तल उल्लेखित कार्यसंचालनका आधारभूत मार्गदर्शनहरुमा कार्य गर्न सहमति जनाएका छौं ।

1. हामी नेपाली जनताको जीवनस्तर सुधारमा योगदान गर्नका लागि नेपालमा कार्यरत छौं । गरिवी न्यूनीकरण, आधारभूत आवश्यकताहरु परिपूर्ति गर्न र उनीहरुका विकास आकांक्षा पूरा गर्न समुदाय र देशलाई सक्षम वनाउन केन्द्रित हुनेछौं ।
2. हामी नेपाल सरकार संगको सम्झौता र स्थानीय समुदायहरुले स्वेच्छाले मुखरित गरेका चाहाना वमोजिम काम गर्दछौं । हामी जनमर्यादा, उनीहरुको सस्कृति, धर्म र रीतिरिवाजको सम्मान गर्दछौं ।
3. हामी नेपालका गरिव र सामाजिक रुपले पिछडिएका जनताहरुका लागि उनीहरु जहाँ वसेको भए पनि र जोसुकै भए पनि सहयोग पुऱ्याउँछौं । हाम्रा सहयोग कुनै राजनीतिक, जातिगत, धार्मिर्क वा अन्य आधारमा नभइ आवश्यकता र प्राथमिकताका आधारमा जो नेपाल र सहयोगी राष्ट्र वा संस्थाको छलफलमा आधारित हुने छन ।
4. हाम्रा सहयोगहरु सरकार र प्रभावित समुदायसंग पारदर्शी गर्ने सुनिस्चित गर्दछौ, साथै लक्षित लाभान्वितहरु, उनीहरुका समुदायहरु तथा प्रतिनिधिहरुलाई  कार्यक्रम तर्जुमा, व्यवस्थापन र कार्यान्वयनमा समेत संलग्न गराउछौं । हामीले सहयोग पुऱ्याउन खोजेकाहरु प्रति र उक्त सहयोगका लागि स्रोत र साधन पुऱ्याउने दुवैप्रति हामी जवाफदेही हुनेछौं ।
5. खासगरी लिंग, जातिगत, जात र धर्मको आधारमा गरिने भेदभाव र सामाजिक वहिष्कारलाई सुधार्नमा हाम्रा सहयोगलाई सुनिश्चित गर्न खोजिनेछ ।
6. हाम्रा कामका लागि चाहिने योग्यता भएका र काम सुहाउँदा कर्मचारीहरु भर्ना गर्दछौं र राजनीतिक वा अन्य कुनै कुराहरुको आधारमा गर्दैनौं ।
7. हाम्रा कर्मचारीहरु र विकासका साझेदारहरुलाई हिंसा, अपहरण, हैरानी, त्रास वा धम्की दिने कार्य हामीलाई स्वीकार्य छैन । हाम्रा कार्यक्रम र कर्मचारीहरुको सुरक्षाका साथै निर्वाध कार्यक्रम कार्यान्वयनका लागि उचित वातावरण वनाई दिन हुन संवन्धित सवैलाई जोड गर्दछौं ।
8. हाम्रा लाभान्वित समुदाय, कर्मचारी र सेवा प्रदायक साझेदारलाई असर गर्ने यौन शोषण, हैरानी र दुर्व्यवहार रोक्न तथा आरोपहरुको सम्वोधन गर्न हामी प्रतिवद्ध छौं ।
9. हाम्रा मुख्य मूल्य र मान्यताहरुमा सम्झौता गर्न हाम्रा कर्मचारीहरुलाई वाध्य तुल्याउने ठाँउमा हामी कार्य गर्दैनौ ।
10. हाम्रा स्रोतसाधनहरुलाई कुनै किसिमको हिंसक, साम्प्रदायिक वा अन्य अभिप्राय जो हाम्रा उल्लेखित कार्यक्रमका उद्देश्य वाहिर भए हामीलाई मान्य हुनेछैन ।
11. हाम्रा उल्लेखित कार्यक्रमका उद्देश्य वाहिर हामी कुनै पनि समूह, राजनीतिक दल वा आवद्ध संस्थाहरुलाई चन्दा दिदैनौ साथै कुनै किसिमको करकाप वा स्वैच्छिक नगद वा जिन्सी प्रदान गर्दैनौ ।
12. हाम्रा उपकरण, मालसामानहरु र साधनहरु हाम्रा कार्यक्रममा उल्लेखित उद्देश्य वाहेक अन्य कार्यहरुमा प्रयोग गर्न दिइने छैन । हाम्रा सवारीसाधनहरु विकासको कार्यक्रमसंग प्रत्यक्ष सम्वन्ध नभएका व्यक्ति वा सामानहरु ढुवानी गर्न प्रयोग हुने छैन । हाम्रा सवारीसाधानहरु सशस्त्र वा जंगी पोशाक लगाएका कर्मचारीहरु ओसारपसार गर्न प्रयोग गरिने छैन ।
13. विकास वा मानवीय सहयोगको चोरी, अन्य कार्यमा प्रयोग वा दुरुपयोग जस्ता कार्यहरु हामीलाई मान्य छैन ।
14. हामी सवै सम्बन्धितलाई विकास तथा मानवीय कर्मचारीहरुलाई सहयोगको आवस्यकतामा रहेका जनतासम्म विकासका कार्यक्रमहरुलाई कार्यान्वयनका लागि पूर्ण पहुँच प्रदान गर्न साथै उनीहरुको सुरक्षाको प्रवर्द्धन र स्वतन्त्र आवागमन गर्न दिन आग्रह गर्दछौं ।
15. हामी सवै सम्बन्धित पात्रहरुवाट अन्तर्राष्ट्रिय मानवीय तथा मानव अधिकार कानूनहरुको कडाईका साथ पालनाको अपेक्षा गर्दछौं र यसका लागि प्रोत्साहित गर्दछौं ।

United Nations
EUROPEAN UNION
Federal Department of Foreign Affairs FDFA
Swiss Agency for Development and Cooperation SDC
KOICA Korea International Cooperation Agency
NORWEGIAN EMBASSY
Association of International NGOs in Nepal
Australian Aid
giz Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH
SNV
AMERICAN EMBASSY
UKaid from the British people
JICA Japan International Cooperation Agency

Scanned with CamScanner